# अन्तरिम संविधान मस्यौदा समिती सम्बन्धी सहमतिहरु

**नेपाल सरकार र ने.क.पा. माओवादीबीच प्रधानमन्त्री निवास, बालुवाटारमा सम्पन्न तेस्रो वार्ताको सहमति**

नेपाल सरकार र ने.क.पा.(माओवादी) बीच निम्नलिखित सहमति भएको छ :-

२०४६ सालको जनआन्दोलनबाट जनताले प्राप्त गरेका जनअधिकार, सात राजनीतिक दल र ने.क.पा.(माओवादी) बीच सम्पन्न १२ बुँदे समझदारीमा व्यक्त प्रतिवद्धता र अहिलेको ऐतिहासिक जनआन्दोलनबाट प्राप्त लोकतान्त्रिक अधिकारहरु सुनिश्चित गर्दै मिति २०६३।२।१२ मा नेपाल सरकार र ने.क.पा. (माओवादी) बीच सहमति भएको आचार संहिताको प्रस्तावनाको भावना अनुरुप अन्तरिम संविधानको मस्यौदा तयार गर्न निम्न प्रकार अन्तरिम संविधान मस्यौदा समिति गठन गरिएको छ-

| | |
|---|---|
| १. संयोजक | लक्ष्मणप्रसाद अर्याल |
| २. सदस्य | हरिहर दाहाल |
| ३. सदस्य | सिन्धुनाथ प्याकुरेल |
| ४. सदस्य | शम्भु थापा |
| ५. सदस्य | महादेव यादव |
| ६. सदस्य | खिमलाल देवकोटा |

समितिले १५ दिनभित्र मस्यौदा तयार गरी सरकार-माओवादी वार्ताटोलीसमक्ष प्रस्तुत गर्नेछ र वार्ता टोलीले सरकार-माओवादी शिखर वार्ताको निर्देशानुसार सरकार-माओवादी शिखर वार्तामा मस्यौदा पेश गरिनेछ ।

| | |
|---|---|
| नेकपा माओवादीका तर्फबाट | नेपाल सरकारका तर्फबाट |
| संयोजक : कृष्णबहादुर महरा | संयोजक : कृष्णप्रसाद सिटौला |
| हस्ताक्षर : | हस्ताक्षर : |
| मिति : २।३।२०६३ | मिति : २।३।२०६३ |

## मस्यौदा समितिलाई कार्यारम्भ गर्ने बारेको वार्ताटोलीको पत्र

मिति : २०६३।३।२१

**विषय** : कार्य आरम्भ गर्ने बारे ।

श्री संयोजकज्यू,
अन्तरिम संविधान मस्यौदा समिति
सिंहदरबार ।

उपरोक्त सम्बन्धमा मिति २०६३ असार २१ गते बसेको सरकार-माओवादी वार्ताटोलीबीचको बैठकको निर्णयअनुसार अन्तरिम संविधान मस्यौदा समितिलाई आजका मितिदेखि कार्यारम्भ गर्न अनुरोध गरिएको छ । साथै समिति र यसको कार्य सम्बन्धमा वार्ताटोली र पार्टीका शीर्ष नेताहरुबीच आवश्यक छलफल र विचार विमर्श गरी सहमतिअनुसार निर्णय भएपछि सोको जानकारी गराइनेछ ।

| | |
|---|---|
| <u>ने.क.पा. (माओवादी) को वार्तोटोलीको तर्फबाट</u> | <u>नेपाल सरकारको वार्तोटोलीको तर्फबाट</u> |
| संयोजक : कृष्णबहादुर महरा | संयोजक : कृष्णप्रसाद सिटौला |
| हस्ताक्षर : | हस्ताक्षर : |
| मिति : २०६३।३।२१ | मिति : २०६३।३।२१ |

## प्रेस विज्ञप्ति

आज मिति २०६३।३।३१ गते शनिवारका दिन नेपाल सरकार र ने.क.पा. माओवादीका बीच बसेको बैठकले गरेको निर्णय अनुसार अन्तरिम संविधान मस्यौदा समितिमा देहायका सदस्यहरु थप गरिएको छ :

| | | |
|---|---|---|
| १. | श्री अग्नि खरेल | सदस्य |
| २. | श्री पुष्पा भुसाल | सदस्य |
| ३. | श्री सुशीला कार्की | सदस्य |
| ४. | श्री छत्र कुमारी गुरुङ | सदस्य |
| ५. | श्री शान्ता राई | सदस्य |
| ६. | श्री सुनील प्रजापति | सदस्य |
| ७. | श्री पर्शुराम झा | सदस्य |
| ८. | श्री चण्डेश्वर श्रेष्ठ | सदस्य |
| ९. | श्री कुमार योञ्जन तामाङ | सदस्य |

मस्यौदा समितिले कार्य सम्पन्न गर्ने अवधि १० दिन थप गरि कार्य प्रारम्भ गरेको मिति २०६३ असार २१ गतेबाट २५ दिन कायम गरिएको छ । समितिमा एक जना दलित अधिवक्ता समेतको प्रतिनिधित्व गराइने सहमति भएको छ । यसैगरि सात दल र ने.क.पा. माओवादीका शीर्षनेताहरुको बैठक आगामी साउन ५ गते आयोजना गरिने सहमति भएको छ । वार्ताको क्रममा वार्ताका पर्यवेक्षकहरुको उपस्थिति समेत रहेको थियो ।

| | |
|---|---|
| <u>नेकपा माओवादीका तर्फबाट</u> | <u>नेपाल सरकारका तर्फबाट</u> |
| संयोजक : कृष्णबहादुर महरा | संयोजक : कृष्णप्रसाद सिटौला |
| हस्ताक्षर : | हस्ताक्षर : |
| मिति : २०६३।३।३१ | मिति : २०६३।३।३१ |

## प्रेस विज्ञप्ति

आज मिति २०६३।४।१४ गते आइतवारका दिन नेपाल सरकार र ने.क.पा.(माओवादी) का बीच बसेको बैठकले गरेको निर्णयानुसार अन्तरिम संविधान मस्यौदा समितिको सदस्यमा श्री मीन बहादुर विश्वकर्मा, धरान सुनसरीलाई थप गरिएको छ । साथै मस्यौदा समितिले आगामी श्रावण २४ गते अन्तरिम संविधानको मस्यौदा वार्तोटोली समक्ष प्रस्तुत गर्ने गरि सो समितिको कार्य अवधि थप गरिएको छ ।

| | |
|---|---|
| <u>नेकपा माओवादीका वार्तोटोलीका तर्फबाट</u> | <u>नेपाल सरकारका वार्तोटोलीका तर्फबाट</u> |
| नाम : कृष्णबहादुर महरा | नाम : कृष्णप्रसाद सिटौला |
| दस्तखत : | दस्तखत : |

# अन्तरिम संविधानको मस्यौदा प्रतिवेदन

नेपाल सरकारव्दारा गठित वार्ताटोली र ने.क.पा. (माओवादी)को वार्ताटोलीबीच आज मिति २०६३।५।९ गतेका दिन शान्ति सचिवालयको बैठक कक्षमा भएको बैठकमा निम्नानुसार उपस्थिति र निर्णय भयो ।

**उपस्थिति**

| नेकपा माओवादी वार्ताटोली | | नेपाल सरकार वार्ताटोली | |
|---|---|---|---|
| १. कृष्ण बहादुर महरा | संयोजक | १. कृष्ण प्रसाद सिटौला | संयोजक |
| २. दीनानाथ शर्मा | सदस्य | २. प्रदीप ज्ञवाली | सदस्य |
| ३. देव गुरुङ० | सदस्य | ३. रमेश लेखक | सदस्य |

निर्णय

अन्तरिम संविधान मस्यौदा समितिलाई अन्तरिम संविधान मस्यौदा प्रतिवेदन बुझाउन २०६३ साउन २४ गते तोकिएकोमा अन्तरिम संविधान मस्यौदा प्रतिवेदनलाई अन्तिम रुप दिनको लागि थप केही दिन लाग्न गएकोले आज मिति २०६३।५।९ गते सम्म समितिको म्याद थप गरी आजैका दिन उक्त अन्तरिम संविधान मस्यौदा प्रतिवेदन बुझ्ने निर्णय गरियो ।